कर्णाली प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल
( विज्ञान, वातावरण तथा जलवायु परिवर्तन महाशाखा)

फोन: ०८३-५२१३८६
फ्याक्स : ०८३-५२०२७१

प.स. २०७८/०७९
च.न. १०१

मितिः२०७८/१२/०२

विषय :- नर्सरी व्यवस्थापन तथा सञ्चालन कार्यविधि,२०७८ सम्बन्धमा ।

श्री प्रदेश वन निर्देशनालय
कर्णाली प्रदेश सुर्खेत ।

उपरोक्त विषयमाम माननिय मन्त्रिस्तरिय निर्णय (२०७८।१२।०२) बाट स्वीकृत "नर्सरी व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७८ " को छाँया प्रति जानकारी एंव कार्यान्वयनका लागि तहाँ पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ।

नोटः "नर्सरी व्यवस्थापन तथा सञ्चालन कार्यविधि,२०७८ " यस मन्त्रालयको वेबसाईट www.moitfe.karnali.gov.np बाट समेत डाउनलोड गर्न सकिने व्यहोरा अनुरोध छ।

२०७८/१२/०२

खगेन्द्रकुमार खत्री
कानून अधिकृत



Scanned with CamScanner

# नर्सरी व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७८

प्रस्तावनाः मन्त्रालयको वार्षिक बजेट बमोजिम डिभिजन वन कार्यालय तथा लागत साझेदारीमा उपभोक्ता समितिहरुबाट निर्माण भएका नर्सरीहरुबाट बिरुवाहरुको उत्पादनलाई दिगो व्यवस्थित तवरबाट सञ्चालन तथा व्यवस्थापन गर्न मन्त्रालयले यो कार्यविधि बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः(१) यस कार्यविधिको नाम "नर्सरी व्यवस्थापन तथा सञ्चालन कार्यविधि २०७८" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "नर्सरी" भन्नाले मन्त्रालयको कार्यक्रम बमोजिम निर्माण गरिएका उच्च स्तरिय नर्सरीलाई सम्झनु पर्छ र सो शव्दले डिभिजन वन कार्यालयहरुमा स्थापना तथा सञ्चालन भएका नर्सरीहरुलाई समेत जनाउँछ ।

(ख) "प्रस्तावक" भन्नाले नर्सरी सञ्चालन तथा व्यवस्थापनका लागि आवेदन गर्ने व्यक्ति, सहकारी संस्था, फर्म वा कम्पनीलाई सम्झनु पर्छ ।

(ग) "कार्यालय" भन्नाले मन्त्रालय मातहतका डिभिजन वन कार्यालहरुलाई सम्झनुपर्छ।

(घ) "मन्त्रालय " भन्नाले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय सम्झनु पर्छ ।

(ङ) "समिति" भन्नाले दफा ५ बमोजिम गठन भएको प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समिति सम्झनु पर्छ ।

३. नर्सरी सञ्चालन तथा व्यवस्थापन : यस कार्यविधि बमोजिम नर्सरी सञ्चालन तथा व्यवस्थापन देहाय बमोजिमको प्राथमिकताको आधारमा गरिनेछ :-

(क) हाल नर्सरी निर्माण गर्दै आइरेहका उपभोक्ता समितिहरु मार्फत,

(ख) व्यवसाय सञ्चालन गर्न इच्छुक व्यवसायी वा सहकारी संस्था मार्फत,

(ग) सम्वन्धित स्थानीय तह मार्फत,

(घ) सम्वन्धित डिभिजन वन कार्यालय मार्फत ।

४. प्रस्ताव आव्हान : (१) दफा ३ को खण्ड (क) बमोजिमका समितिहरुबाट नर्सरी सञ्चालन गर्दा कार्यालयबाट कुनै किसिमको वित्तिय सहयोग गर्न पाईने छैन ।

(३) दफा ३ को खण्ड (क) बमोजिमका समितिबाट नर्सरी सञ्चालन तथा व्यवस्थापन हुन नसकेमा क्रमशः खण्ड (ख), (ग) र (घ) बमोजिम नर्सरी सञ्चालन र व्यवस्थापनका लागि कार्यालयले तीस दिनको म्याद दिई राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नेछ ।

तर दफा ३ को खण्ड (क) बमोजिमका उपभोक्ता समितिहरुबाट नर्सरी सञ्चालन तथा व्यवस्थापनका लागि प्रस्तावको लागि सूचना आव्हान गर्नु पर्ने छैन ।

मा. छिरिङ डम्बुल लामा (कार्की)
मन्त्री

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
कर्णाली प्रदेश
सुर्खेत, नेपाल
२०७४



Scanned with CamScanner

(४) उपदफा (२) बमोजिम प्रस्ताव आव्हान भए पश्चात प्रस्तावदाताले देहायका विवरणहरु खुलाई कार्याललय समक्ष आवेदन पेश गर्नु पर्नेछ :-

(क) व्यवसायीको आधिकारिक निकायमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि,

(ख) स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि,

(ग) करचुक्ता र नवीकरण गरेको प्रमाणपत्रको प्रतिलिपि,

(घ) संरचना निर्माण गरिने जमिनमा सडक, सिचाइ, विजुली लगायतको आवश्यक पूर्वाधारको विवरण,

(ङ) समूह, समिति सहकारीहरुको हकमा समूह र सहकारीको भेलावाट गरिएको निर्णयको प्रतिलिपि,

(च) नर्सरी स्थापना गर्न आवश्यक पर्ने जग्गाको स्वामित्व वा भोगचलन गर्न पाउने प्रमाणको प्रतिलिपि,

(छ) नर्सरी सञ्चालनको लागि लाग्ने रकम स्वलगानी गर्ने प्रतिवद्धता,

(ज) संलग्न हुने प्राविधिकहरुको व्यक्तिगत विवरण र तालिम लिएको भए सोको प्रमाण पत्रको प्रतिलिपि,

(झ) नर्सरी सञ्चालनका लागि प्रदेश सरकारलाई उपलब्ध गराउने वार्षिक शुल्क तथा भाडा सम्वन्धी विवरण ।

(ञ) स्थानीय आवश्यकता बमोजिम उत्पादन गर्न सक्ने एक वर्षीय र वहुवर्षीय विरुवाहरुको विवरण,

(ट) नर्सरी सञ्चालनको लागि थप संरचना निर्माण गर्नु पर्ने भए सो सम्वन्धी विवरण।

५. <u>प्रस्ताव मूल्याङ्कन, छनौट तथा सम्झौता</u> : (१) दफा ३ बमोजिम प्राप्त प्रस्तावहरु मूल्याङ्कन गर्न कार्यालयमा देहाय बमोजिमको मूल्याङ्कन समिति रहनेछ :-

| | | |
|---|---|---|
| (क) | डिभिजनल वन अधिकृत | संयोजक |
| (ख) | प्रदेश लेखा इकाई कार्यालयको प्रमुख | सदस्य |
| (ग) | नर्सरी सम्वन्धी प्राविधिक | सदस्य |
| (घ) | जिल्ला समन्वय समितिको अधिकृत प्रतिनिधी | सदस्य |
| (ङ) | कार्यालयको योजना शाखा प्रमुख | सदस्य-सचिव |

(२) उपदफा (१) बमोजिमको समितिले मूल्याङ्कन गर्दा गुणस्तरता, प्राविधिक जनशक्तिको उपलब्धता, विरुवा उत्पादन तथा विक्री वितरणको परिमाण, वहुमुल्य प्रजातिका विरुवा उत्पादन गर्न सक्ने परिमाण तथा क्षमता, व्यवस्थापकी प्रवन्ध लगायतका व्यवसायिक कार्ययोजना समेतको प्राविधिक तथा व्यवस्थापकीय मापदण्ड वनाई मूल्याङ्कन गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको समितिले उपदफा (२) बमोजिम वनाईएको मापदण्डको आधारमा सवैभन्दा वढी अङ्क प्राप्त गर्ने प्रस्तावकलाई छनौटका लागि सिफारिस गर्नेछ ।

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
कर्णाली प्रदेश
सुर्खेत, नेपाल
२०७४

(४) उपदफा (३) बमोजिम छनौट भएको प्रस्तावकलाई कार्यालयले मासिक वा वार्षिक रुपमा वुझाउनु पर्ने रकम निर्धारण गरी कम्तिमा दश वर्षको लागि सञ्चालन गर्नको लागि सम्झौता गर्नेछ ।

६. <u>स्थानीय तहलाई हस्तान्तरण गरी नर्सरी सञ्चालन सम्वन्धी व्यवस्था:</u> (१) दफा (३) बमोजिम प्रस्ताव आव्हान गर्दा आवेदन पर्न नसकेमा कार्यालयले नर्सरी निर्माण तथा स्थापना भएको सम्वन्धित स्थानीय तहसँग समन्वय गरी प्रदेश सरकारले थप आर्थिक दायित्व बहन नगर्ने गरी समझदारी गरी हस्तान्तरण गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम समझदारी गर्दा देहायका विवरणहरु समेत खुलाउनु पर्नेछ :-

(क) नर्सरी सञ्चालन गर्दा प्राविधिक कर्मचारीहरुको व्यवस्थापन स्थानीय तहले गर्नु पर्ने,
(ख) स्थानीय तहले वार्षिक सञ्चालन योजना वनाउनु पर्ने,
(ग) विरुवाको विक्री दर निर्धारण गर्दा डिभिजन वन कार्यालयसँग समन्वय गरी गर्नु पर्ने,
(घ) हस्तान्तरण भएको नर्सरीको उचित मर्मत सम्भार तथा अन्य सञ्चालन खर्च सम्वन्धित स्थानीय तहले नै वहन गर्नु पर्ने,
(ङ) स्थानीय आवश्यकता बमोजिम एक वर्षीय र वहुवर्षीय विरुवाहरुको उत्पादन गर्नु पर्ने,
(च) नर्सरी सञ्चालनमा कार्यरत जनशक्तिलाई कार्यालयले तालिमको व्यवस्था गर्ने,
(छ) आवश्यकता अनुसारका अन्य कुराहरु ।

७. <u>कार्यालयबाट नर्सरी व्यवस्थापन:</u> (१) कार्यालयबाट स्थापना र सञ्चालन भै रहेको नर्सरी कार्यालयले नै व्यवस्थापन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको नर्सरी वाहेक उपभोक्ता समिति वा लागत साझेदारी मार्फत प्रदेश सरकारको बिनियोजित बजेट बमोजिम निर्माण भएका हाइटेक नर्सरीहरु दफा ४ को उपदफा (४) बमोजिम सम्झौता र दफा ५ बमोजिम हस्तान्तरण हुन नसकेमा कार्यालयले नर्सरी सञ्चालनको सम्वन्धी कार्ययोजना, बजेट तथा आवश्यक जनशक्ति समेत खुलाई व्यवस्थापन तथा सञ्चालन कार्ययोजना बनाई निर्देशनालयमा पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम व्यवस्थापन तथा सञ्चालन कार्ययोजना प्राप्त भएमा निर्देशनालयले सो सम्वन्धमा आर्थिक, प्राविधिक दृष्टिकोणबाट उपयुक्त भए नभएको समेत खुलाई राय सहित मन्त्रालयमा पठाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम राय सहित प्राप्त भएमा मन्त्रालयले बार्षिक कार्यक्रम बमोजिम सञ्चालन हुने गरी बजेट व्यवस्थापन गर्नु पर्नेछ।

८. <u>सञ्चालन खर्च सम्वन्धी व्यवस्था</u> : विरुवा उत्पादन तथा नर्सरी सञ्चालनको लागि कार्यालयले कार्यालयले १ पटक प्राविधिक तालिम दिनेछ । सो लागि आवश्यक रकम मन्त्रालयले वार्षिक बजेट बमोजिम उपलब्ध गराउन सक्नेछ ।

मा.छिरिङ डम्बुर लामा (कार्की)
मन्त्री

प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
गण्डकी प्रदेश

Scanned with CamScanner

९. <u>प्रचलित कानून बमोजिम हुने:</u> यस कार्यविधिमा उल्लेख भएका कुराहरुको हकमा यसै बमोजिम र अन्य कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

१०.<u>संशोधन तथा हेरफेर:</u> मन्त्रालयले यस कार्यविधिमा आवश्यक संशोधन तथा हेरफेर गर्न सक्नेछ ।